जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०५३५५५००
इमेल : mgnd2070@gmail.com

बर्ष: १३, अंक: ३९ पृष्ठ: ४ | २०८३ जेठ १५ शुक्रबार (Friday 29 May 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## महिनावारी स्वच्छता दिवस, विद्यालयका किशोरीले गरे सचेतनामूलक कार्यक्रम



**मणिलाल विश्वकर्मा**

लहान, १४ जेठ। महिनावारीका वेला स्वच्छतामा ध्यान नदिँदा हुन सक्ने मानसिक, शारीरिक तथा स्वास्थ्यसम्बन्धी समस्याहरूबारे सजग गराउने उद्देश्यले सिराहाको लहानमा विद्यालयमा अध्ययनरत किशोरीहरूले विभिन्न सचेतनामूलक कार्यक्रम गरेका छन्। ‘महिनावारीमैत्री संसारका लागि अघि बढौँ’ भन्ने नारासहित लहान नगरपालिकाको सभाहलमा बिहीबार आयोजित स्वच्छता दिवसमा विभिन्न सामुदायिक विद्यालयमा अध्ययनरत किशोरीहरूले महिनावारी स्वच्छतासम्बन्धी सांस्कृतिक प्रस्तुतिसहित लघुनाटक, महिनावारी, स्वच्छतासम्बन्धी अनुभव, सिकाइ साटासाट गरे।

स्वच्छता दिवसको उद्घाटन गर्दै नगरप्रमुख महेशप्रसाद चौधरीले महिनावारी प्राकृतिक र निश्चित उमेरसम्म निरन्तर प्रक्रिया भएकाले सरसफाइमा विशेष ध्यान दिएमा पाठेघरमा हुने संक्रमणजन्य रोगहरूबाट बच्न सकिने उल्लेख गरे। ‘सामुदायिक विद्यालयहरूमा पर्याप्त स्यानेटरी प्याड पठाइएको छ,’ उनले भने, ‘महिनावारीका वेला आफू अध्ययनरत विद्यालयमा आवश्यकताअनुसार फोकल शिक्षिकाको सहयोगमा प्याड लिएर प्रयोग गरे पढाइ पनि छुट्दैन र संक्रमणजन्य समस्याहरूबाट जोगिन सकिन्छ।’

महिनावारीका वेला प्याड फेर्न र अन्य वेलामा पनि विशेषगरी किशोरी तथा महिलाहरूका लागि आफ्नै घरमा शौचालय नभई नहुने हुँदा किशोरीहरूमार्फत आ–आफ्नो घरमा शौचालय बनाउन अभिभावकसम्म सन्देश पुर्‍याउन आग्रह गरे। ‘आर्थिक रूपले नसक्ने परिवारलाई शौचालय बनाउन नगरपालिकाले सघाउँछ, तर जसरी भए पनि बनाऔँ,’ उनले भने। स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. गीता यादवले महिनावारी फोहोर पाप हो भन्ने भ्रम रहेको चर्चा गर्दै निश्चित उमेरपछि नियमित रूपमा हुने विशुद्ध प्राकृतिक प्रक्रिया हो भन्नेबारेमा आफ्ना अभिभावकलाई पनि बुझाउनुपर्ने उल्लेख गरिन्। ‘कुनै घरमा पहिलोपल्ट किशोरीको महिनावारी भएको खण्डमा खुसी मनाउनुपर्छ,’ उनले भनिन्, ‘त्यसको अर्थ किशोरीको स्वास्थ्य सामान्य छ भन्ने बुझ्नुपर्छ।’ महिनावारी हुँदा प्याड प्रयोग गर्ने, व्यक्तिगत सरसफाइमा ध्यान दिन आग्रह गर्दै उनले त्यसले महिलामा पाठेघर,

**–बाँकी अन्तिम पेजमा**

## भुमिजा हस्पिटलको १७ औँ वार्षिक उत्सवमा निःशुल्क स्वास्थ्य शिविर र रक्तदान



गोलबजार, १४ जेठ। सिरहाको गोलबजार नगरपालिका ४ मा करिब दुई दशकदेखि स्वास्थ्य सेवा प्रदान गर्दै आएको भुमिजा हस्पिटलले १७ औँ वर्षीकोत्सवको अवसरमा विशेष रक्तदान कार्यक्रम तथा निःशुल्क स्वास्थ्य शिविर आयोजना गरेको छ। अस्पतालले सामाजिक उत्तरदायित्वअन्तर्गत स्थानीय नागरिकलाई लक्षित गर्दै आयोजना गरेको उक्त शिविरबाट कुल ११२ जनाले स्वास्थ्य उपचार गराउका छन्।

जसमध्ये २२ जनाले हाडजोर्नी सम्बन्धी स्वास्थ्य परीक्षण गराएका छन्। त्यसैगरी ६५ जनाले जेनरल फिजिसियन सेवा अन्तर्गत स्वास्थ्य जाँच गराएको अस्पताल सञ्चालक निरज सिंहले जानकारी दिएका छन्। शिविरमा २५ जनाले रक्तदान गरेका थिए। कार्यक्रममा विशेषज्ञ डाक्टरद्वारा निःशुल्क स्वास्थ्य परीक्षण, स्वास्थ्य परामर्श सेवा तथा विभिन्न स्वास्थ्य सेवामा विशेष छुटको व्यवस्था गरिएको अस्पताल प्रशासनले जनाएको छ। साथै आवश्यक बिरामीलाई निःशुल्क औषधि वितरण समेत गरिएको थियो। अस्पताल प्रशासनले ‘स्वास्थ्य नै सबैभन्दा ठूलो धन हो’ भन्ने सन्देश प्रवाह गर्दै समुदायस्तरमै स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले शिविर सञ्चालन गरिएको जनाएको छ। साथै ‘रक्तदान जीवनदान हो भन्ने मान्यतालाई आत्मसात गर्दै रक्तदान कार्यक्रमलाई समेत प्राथमिकताका साथ सञ्चालन गरिएको अस्पतालले जनाएको छ।

आजै घटाऔं विषादीको प्रयोग, अनि भोलि पाउछौं स्वस्थ योग।
प्राकृतिक मल प्रयोग गरौं, माटो पानी जोगाऔं,
हरियाली बढाऔं।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**पानीको सदुपयोग र स्रोतको संरक्षण गरौं**

- धारा खुला छोड्ने बानी त्यागौं,
- वर्षाको पानी संकलन र पुनःप्रयोग प्रणाली अपनाऔं,
- नदी, ताल, पोखरी तथा मुहानहरूमा फोहर नफालौं,
- घर तथा कृषि क्षेत्रमा पानी बचत गर्ने प्रविधि प्रयोग गरौं,
- प्लास्टिक तथा रासायनिक पदार्थले पानी प्रदूषण नगरौं,
- वृक्षारोपण गरी जलस्रोत संरक्षण गरौं,
- भावी पुस्ताका लागि पानी बचत गर्ने बानी बसालौं।

**पानी जीवन हो–यसको संरक्षण हाम्रो कर्तव्य हो।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सर्पले डसेर बालकको मृत्यु

**जनार्जन खत्री**

सर्लाही, १४ जेठ। सर्लाहीको कौडेना गाउँपालिका–१, लक्ष्मीपुरमा बुधबार साँझ विषालु सर्पले डसेर एक बालकको मृत्यु भएको छ। रवीन्द्र गिरीका छोरा तीन वर्षीय आदित्य गिरीको सर्पले डसेर मृत्यु भएको हो।

कौसीमा खेल्ने क्रममा सर्पले डसेर बिरामी परेका बालकलाई उपचारका लागि प्रादेशिक अस्पताल मलङ्गवा ल्याइए पनि उपचारकै क्रममा मृत्यु भएको प्रहरी चौकी सुन्दरपुरले जनाएको छ। चिकित्सकको लापरबाही र उपचारमा ढिलाई हुँदा बालकको मृत्यु भएको भन्दै मृतकका परिवार तथा आफन्तले प्रादेशिक अस्पताल मलङ्गवा परिसरमा केहीबेर हो–हल्ला गरेका थिए। प्रहरीले सम्झाइबुझाइ गरेर अवस्था साम्य पार्यो।

# सम्पादकीय

## संसदीय लोकतन्त्रप्रति वितृष्णा बढाउने रणनीति ?

प्रतिनिधिसभामा श्रम संस्कृति पार्टीको 'पर्चा प्रदर्शन' नियमितजस्तै भएको छ। यसरी नियमित रूपमा पर्चा प्रदर्शन भइरहँदा यसलाई 'संसदीय आचरण' विपरीत भन्न पनि थालिएको देखिन्छ। तर पर्चा प्रदर्शक सांसदहरूको भने असंसदीय छैन। तिनको माग त सदनमा प्रधानमन्त्री उपस्थित भएर जवाफ दिऊन् भन्नेमात्र हो। त्यसो त, प्रधानमन्त्री संसद्मा उपस्थित हुनुपर्छ भन्ने माग श्रम संस्कृति पार्टीको मात्र नभएर सबै विपक्षी दलको हो। अझ नेकपा (एमाले)ले त यही माग राख्दै सदनमै नाराबाजीसमेत गरिसकेको छ। प्रधानमन्त्रीले संसद्मा उपस्थित भएर सांसदहरूको प्रश्नको उत्तर दिने अभ्यास र संसदीय परम्परा नै हो। सभामुख डोलप्रसाद अर्याल प्रधानमन्त्री बालेन्द्र शाहलाई संसद्मा उपस्थित गराउन असफल देखिए। उनले संसदीय नियमावली प्रयोग गरी सहजै उपस्थितिका लागि 'रुलिङ' गर्न सक्थे। तर, आफ्नै पार्टीलाई संकट पर्ने देखेपछि उनी त्यसरी 'रुलिङ' गर्न डराएका हुनुपर्छ। अर्थात्, प्रधानमन्त्री बालेन्द्र शाहलाई सदनमा उपस्थित गराउने मामिलामा सभामुख अर्याल पनि 'सकस'मै देखिन्छन्। संसद्प्रति प्रधानमन्त्रीको उपेक्षा निरन्तर रहेपछि बुधबार श्रम संस्कृति पार्टीका नेता हर्क साम्पाङले अनौठो प्रस्ताव राखे, 'कि नियमावली प्रयोग गरी प्रधानमन्त्रीलाई सदनमा ल्याउनु, त्यसरी ल्याउन सकिन्न भने नियमावलीअनुरूप मलाई निष्कासनको आदेश गर्नुस्। यसरी सदनको गरिमा कायम हुन सक्दैन।'

साम्पाङको प्रस्तावलाई अनुचित वा असंसदीय भन्न पनि मिल्दैन। किनभने सरकारलाई सदनप्रति जवाफदेही तुल्याउने व्यवस्था नियममै छ र संविधानको धारा ७६ (१०) मा पनि यो स्पष्ट उल्लेख छ। संविधानतः प्रधानमन्त्री र मन्त्रीहरू सदनप्रति जवाफदेही हुनुपर्छ। सँगै सदनमा 'अमर्यादित व्यवहार' गर्ने सांसदलाई निष्कासन गर्नेसम्मको अधिकार पनि नियमावलीले नै दिएको छ। तर, सभामुख नियमावलीकै व्यवस्थाअनुरूप 'रुलिङ' गर्न अनिच्छुक देखिँदा संसदीय दृश्य 'तमासा'मा परिणत हुँदै गएको छ। यस्ता दृश्य बढ्दै जाँदा संसदीय ओज, मर्यादा र शक्तिकै क्षयीकरण हुन्छ। हुन पनि, प्रारम्भिक अभ्यासदेखि नै प्रधानमन्त्री शाहमा सामान्य संसदीय शिष्टाचारसमेत देखिएको छैन। आफ्नै सरकारको नीति तथा कार्यक्रम राष्ट्रपतिबाट वाचन भइरहँदा उनले बीचैमा सदन छाडेको दृश्यलाई अमर्यादित भनिएको छ। सँगै, उनी नीति तथा कार्यक्रममाथि उठेका प्रश्नहरूको जवाफ दिन पनि संसद्मा उपस्थित भएनन्। त्यसबाहेक, सभामुख अर्यालले नियमावलीअनुरूप कार्यसूचीमा 'प्रश्नोत्तर' राख्दै प्रधानमन्त्रीलाई उपस्थित गराउन सक्थे। तर, अर्याल सभामुखको हैसियतमा संसद्को गरिमा कायम राख्ने काममा पनि हिचकिचाउनु र चुक्नु आफैँमा आश्चर्यजनक छ। नेपालको संसदीय इतिहासमा सभामुख यति धेरै लाचार भएको बिरलै देखिएको थियो।

प्रधानमन्त्री शाहका प्रारम्भिक क्रियाकलाप हेर्दा संसद्लाई उनले सत्तामा पुग्ने 'भऱ्याङ' मात्र बनाउन खोजेको आभास हुँदै छ। साथै, संसदीय व्यवस्थालाई नै असफल बनाएर प्रत्यक्ष निर्वाचित कार्यकारी व्यवस्थाका पक्षमा जनमत बनाउन प्रधानमन्त्री शाह र उनको समूह रणनीतिकरूपमै लागेको शंका पनि गरिँदै छ। प्रधानमन्त्री शाहकै क्रियाकलापले 'त्यो चाहना'लाई पनि अब खण्डित तुल्याउँदै छ। किनभने संसदीय व्यवस्थामै जवाफदेही बन्न हिचकिचाउनेहरू प्रत्यक्ष निर्वाचित कार्यकारी भएमा के गर्लान् भन्ने प्रश्न गम्भीररूपमा उठ्न थालेको छ। यस्तो सन्देह बढ्नु खासै लोकतान्त्रिक प्रतिबद्धता नभएको सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी र स्वयम् प्रधानमन्त्री शाहकै हकमा पनि लाभदायी हुनेछैन।

यतिखेर प्रधानमन्त्रीबाटै संसदीय पद्धतिको हुर्मत लिइँदै गएको दृश्यलाई 'अति' ठान्ने जनमत बढ्दै गएको देखिएको छ। संसद् भनेको कानुन निर्माणदेखि राष्ट्रिय हितका सबै समस्याको समाधान खोज्ने पहिलो र सार्वभौम थलो हो। संसद्को उपेक्षा गर्दा प्रकारान्तरले निर्वाचक नागरिकहरूकै उपेक्षा हुन्छ। संसद्लाई कमजोर बनाउन थालिएपछि संकट र सकस पर्ने सबैभन्दा बढी सत्तारुढ दल र सरकारलाई नै हो। नागरिकका प्रत्येक प्रश्नमा सरकारसँग जवाफ माग्ने र नागरिकका समस्या एवं आवाज पोखिने वैधानिक थलो पनि संसद् नै हो। जब संसद्मा नागरिकका प्रश्न र आवाज मुखरित हुन वा तिनको सुनवाइ हुन छाड्छ अनि सडक तात्न पुग्छ। सरकार संसद् छल्न खोज्दा सडकको असन्तुष्टिको सामना गर्नुपर्छ। गत वर्षको 'जेन–जी' विद्रोहको उदाहरण ताजै छ।

विगतका अभ्यासमा संसदीय पात्रहरूबाटै प्रदर्शन भएका विकृत र विसंगत दृश्यबाट आजित भएर नै नागरिकले नयाँ दल र नयाँ सांसदहरू रोजेका हुन्। यो तथ्य सत्ता र विपक्ष दुवै लहरका सांसदहरूको मनमा गढ्नुपर्छ। दुर्भाग्य, निरन्तरका तमासाले संसदीय दृश्य खल्लो र विरक्तलाग्दो बनाउँदै छ। संसद्को वेलमै नाराबाजी र पर्चाबाजी हुँदै कुनै दिन यो भिडन्तमै परिणत हुने हो कि भन्ने डर पनि बढ्दै छ। किनभने हाम्रो संसदीय अभ्यासमा भिडन्तका फेहरिस्त पनि लामै छन्। संसदीय राजनीतिमा तुजुक र घमण्ड प्रदर्शन गर्ने शासकहरू कालान्तरमा खलनायकमा परिणत भएर पतन भएका अनेकौं उदाहरण छन्। सत्तापक्षतिर 'मैमत्तपन' बढ्दै गयो भने त्यसको मूल्य नागरिकले चुकाउनुपर्ने हुँदा पनि त्रास बढेको हो। त्यसकारण, प्रधानमन्त्री र सत्तारुढ बेलैमा बुझुन् – लोकतन्त्र विधि, प्रक्रिया र मर्यादामा मात्र चरितार्थ हुन्छ। यसैले संवाद र मर्यादाको बाटो रोजेर देशलाई नयाँ गति र दिशा दिन सत्ता पक्ष बढी जिम्मेवार बन्नुपर्छ। विपक्ष पनि हतास, निराश र आक्रोशित नभई सत्तापक्षलाई जवाफदेही बनाउन निरन्तर मर्यादित र जागरुक रहनुपर्छ।

# मासिँदै सनपाट

**गोपालप्रसाद बराल**

महोत्तरी, १४ जेठ। केही दशक पहिलेसम्म महोत्तरीका बस्तीबस्तीका किसान सनपाटखेतीमा लाग्ने गरेका थिए। अचेल भने यहाँका फाँटमा न सनपाट देखिन्छ, न त यो खेती गर्नेमा युवा पुस्ताको आकर्षण छ। किसानका गोठमा पशुवस्तु घट्दै गएसँगै सनपाटको खेती पनि मासिँदै गएको जानकारहरू बताउँछन्। विगतमा पशुवस्तु बाँध्न, डुलाउनमात्र होइन, कैयौँ काममा प्रयोग हुने डोरीको प्रयोग हुने गरेको थियो। एकातिर पशुवस्तु पाल्न छोडिएको र अर्कोतिर प्लाष्टिकका बनिबनाउ डोरी सजिलै पाउने भएकाले सनपाटखेतीतर्फ किसानको सरकार घट्दै गएको हो।

"मेरै गोठमा जहिले पनि दुई हल गोरु, दुईवटा भैँसी र एउटा गाई हुन्थ्यो", दुई दशक पहिलेको आफ्नो गुहाली (गोठ) सम्झँदै बर्दिबास–९ पशुपतिनगरका ७० वर्षीय किसान कारी महतो भन्नुहुन्छ, "यिनै वस्तुसँग जोडेर बर्सेनि केही जग्गामा सनपाट लगाइन्थ्यो, अब न गोठमा वस्तु छन्, न पाटखेती नै गरिन्छ।" उहाँ मात्रै होइन, यताका सबैजसो किसानका गोठमा जग्गाको अनुपातमा गोरु पालिन्थे, दूधका लागि घरघरै गाईभैँसी हुन्थे। किसानहरूले ती पशुवस्तु बाँध्न डोरी, दाम्ला बनाउन आफैँ सनपाटखेती गर्थे। पुरानो पुस्ताको अवसानसँगै त्यो प्रचलन हराएको छ। नयाँ पुस्ता पढाइ र कामका लागि विदेसिने क्रम बढेपछि वस्तुपालन र पाटखेती हराएको महतोकै छिमेकी सूर्यदेव सिंह बताउनुहुन्छ।

यहाँको भंगाहा–६ हतिसर्याको मजरा बस्तीका ६० वर्षीय सुरेश बाँतरका अनुसार पशुवस्तुका दाम्ला बनाउन मात्र नभइ घरायसी प्रयोजनका लागि विगतमा पनि डोरी र मोटो रस्सी बाट्न पनि सनपाटको सुत्री चाहिन्थ्यो। दाम्लो, डोरी र मोटो रस्सा बनाउनमात्र नभइ प्रांगारिक मलका लागि पनि सनपाटखेती गर्ने चलन रहेको उहाँको भनाइ छ। "सनपाटका जरामा हुने साना गिर्खा (गाँठा) मा माटोलाई चाहिने उर्वर शक्ति नाइट्रोजन हुन्छ, अनि डाँठ र पातबाट कम्पोष्ट मल बन्छ" नेपाल सरकारको कृषि सेवाको सहसचिबबाट अवकास प्राप्त भंगाहा–५ सीतापुरका ७५ वर्षीय कृषिविज्ञ रामबहादुर भुजेल भन्नुहुन्छ, "मधेसमा मलका लागि लगाइएको सनपाट खेतमा धान रोप्न, खेत हिल्याउँदा जोतेर केही दिन छाडिने चलन छ। हिलो पानीले सनपाट गलेपछि फेरि दाँदे लगाएर धान रोपिन्छ।"

सनपाटको यस्तो मल धानखेतीका लागि निकै उर्वर हुँदा विगतमा किसानको रोजाइमा पर्ने गरेको भुजेलको भनाइ छ। उहाँले कृषि कार्यालयहरूले किसानलाई मलका लागि यो खेती गर्न कार्यक्रम नै बनाएर अभिप्रेरित गर्ने गरेको पनि स्मरण गर्नुभयो। सनपाट दाम्ला, डोरी र रस्साका लागि खेती गरिँदा यो छिप्पिएपछि काटेर मुठा बनाइ गहिरो पानीमा डुबाउन पर्छ। त्यसरी केही दिन पानीमा डुबाइएको सनपाटको डाँठबाट रेसा अलग्गिन थालेपछि त्यसलाई धोइपखाली घर ल्याएर सुकाएपछि पाट तयार हुन्छ। यसरी तयार भएको पाट सुत्री कातेर दाम्ला, डोरी र रस्सा बनाउनसँगै उब्रेको पाट बजारमा बेचेर किसान घरखर्चको जोहोसमेत मिलाउने गरेका गौशाला–१० लक्ष्मीनियाँका ७५ वर्षीय किसान लक्ष्मी महतोको सम्झना ताजै छ।

"पहिले पो जोत्न गोरु चाहिन्थ्यो र घरघरै जसको जति खेत छ, त्यसअनुसार गोरु पाल्थे, अब सबै ट्रेक्टरबाटै जोत्छन्", उहाँ भन्नुहुन्छ, "गोरुसँगै घरघरैजसो भैँसी र कमसेकम एउटा गाई पालिन्थ्यो, अब न गोठमा वस्तु नै छन्, न यिनलाई बाँध्न चाहिने दाम्ला/डोरीका लागिको सनपाटखेती।" व्यावसायिक रूपमा आधुनिक तवरले पशुपालन गर्ने किसान निकै कम भएका र अब बजारमा प्लाष्टिकका दाम्ला, डोरी सजिलै पाइन थालेपछि सनपाटको सम्झना नै हुन छाडेको उहाँको भनाइ छ। विराटनगरको जुटमिल बन्द हुनु, पशुपालन घट्दै जानु, नयाँ पुस्ताले यसबारे रुचि नदेखाउनु, पोखरी/दहमा पानी सुक्नु र खेतीमा रासायनिक मलमा निर्भरता बढ्नुले सनपाटखेती हराएको औरही–७ भोइलका पाका किसान ७० वर्षीय मोहन महतोको बुझाइ छ।

"करिब दुई दशक अघिसम्म जिल्लाका सबैजसो भेगमा आमकिसानले धेरथोर सनपाटखेती लगाउँथे। यहाँ कुत्रुङ, कशिमरा र पटुवा जातका सनपाटको खेतीबाट आफूलाई आवश्यक पर्ने सुत्री कातेर अरु बेचेर घरखर्चका लागि नगदको जोहो गर्थे", एकडारा गाउँपालिकाको अजमरपट्टी बस्तीका ६० वर्षीय हरिदेव मण्डलले भन्नुभयो,"यो सबै हिजोझैँ लाग्दैछ। अहिलेका किशोर उमेरका नातिनातिनालाई सनपाट भनेको नै थाहै नपाउने अवस्था बनिसक्यो।"

सनपाट घरायसी प्रयोजनका डोरी, नाम्ला, दाम्ला र रस्सा एवं प्रांगारिक मलका लागिमात्र नभई कागज, बोरा, झोला, कपडा बुन्न उद्योगले समेत किन्ने गरेकाले विगतमा राम्रो आम्दानीको स्रोतको रूपमा थियो। यहाँबाट तयार गरिएको पाट विराटनगर जुट मिलमा जाने गरेकाले आम्दानी गर्न सहज भएको भंगाहा–५ धतीयाटोलका ६५ वर्षीय किसान सुपतलाल यादवको सम्झनामा छ। उहाँ भन्नुहुन्छ,"मल र घरायसी प्रयोजका लागि सनपाट प्रयोग गर्थ्यौं। बढी भएपछि उद्योगलाई बेचेर कमाउथ्यौँ।"

सनपाटको सन्ठी अत्यन्त प्रज्वलनशील हुने हुँदा गाउँघरमा आगो सल्काउन/जगाउन बचाएर राख्ने पुरानो चलनसमेत रहेको थियो। खासगरी सन्ठी दीपावलीमा 'हुक्कालोलि' खेल्न प्रयोग गर्ने मधेशको चलन छ। 'हुक्कालोलि' मिथिला संस्कृतिकै अंग मानिन्छ। यस प्रयोजनका लागि सन्ठी जोगाएर राखिने गरेको विगत यहाँका पाका किसानले बताउने गरेका छन्। सनपाटखेती गर्मी हावापानीमा हुने गर्छ। छरेको करिब ४५ दिनमा काट्न तयार हुने यो खेतीका लागि महोत्तरीको माटो र वातावरण अनुकूल भएको कृषि प्राविधिक बताउँछन्। पानीका दह घट्दै गएपछि पाटका लागि यो खेती असजिलो हुँदै गए पनि खेतबारीको मलका लागि भने किसानलाई अझै यसतर्फ उत्प्रेरित गर्न आवश्यक रहको कृषिविज्ञ राजकिशोर यादवको भनाइ छ।

# कर्जा दिनै डराउन थाले बैंकर

## विगतमा जोखिम विश्लेषण नगरी कर्जा विस्तार गर्दा दुरुपयोग भएको, डिफल्ट बढेको र असुलीमा समस्या आएपछि बैंकरहरू कर्जा विस्तारमा निरुत्साहित भएको एक वाणिज्य बैंकका सीईओले बताए।

**भुवन पौडेल**

काठमाडौं, १४ जेठ। केही समययता बैंकरहरू नै कर्जा प्रवाह गर्न हच्किन थालेका छन्। बढ्दो खराब कर्जा, ऋण दुरुपयोगका घटना तथा प्रहरीबाट बैंकरहरू नै धरपकडमा पर्न थालेपछि उनीहरू कर्जा प्रवाह गर्न हच्किन थालेका हुन्। सोही कारण कर्जा लिन बैंक तथा वित्तीय संस्था पुग्ने ऋणीको स्क्रिनिङ गरी प्रक्रियागत जटिलता देखाइ कर्मचारीले नै निरुत्साहित गर्दा कर्जा विस्तार माग अनुसार हुन नसकेको बैंकरहरू बताउँछन्।

ऋण असुलीमा देखिएका समस्या र सरकारी नीतिका कारण बैंकरहरूले कर्जाको माग आउने बित्तिकै स्वीकृत गरेका छैनन्। विगतमा जोखिम विश्लेषण नगरी कर्जा विस्तार गर्दा दुरुपयोग भएको, डिफल्ट बढेको र असुलीमा समस्या आएपछि बैंकरहरू कर्जा विस्तारमा निरुत्साहित भएको एक वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) ले बताए।

त्यस्तै पछिल्लो समय बैंकर तथा व्यवसायीप्रति सरकारको नीति 'थुन्ने र सुन्ने' भएकाले पनि मनोबल कमजोर भएको उनको दाबी छ। कोरोना महामारीबाट अर्थतन्त्रलाई गति दिन नेपाल राष्ट्र बैंकले कर्जा नीति खुकुलो बनायो। त्यसका साथै कर्जा सीमा तथा प्रक्रिया समेत सरल र सहज बनायो। बैंक तथा वित्तीय संस्थाले ग्राहकका घरमै गएर समेत कर्जा दिए।

बैंक तथा वित्तीय संस्थाले आक्रामक रूपमा कर्जा लगानी गर्दा अर्थतन्त्र चलायमान भए पनि उत्पादन भने बढेन। त्यसले अनुत्पादन क्षेत्रको कारोबार अस्वाभाविक बढ्यो। 'इजी मनी' निर्माण हुने क्षेत्र (सेयर तथा घरजग्गा) मा आएको अस्वाभाविक सुधार सच्याउन पनि कर्जा नीतिमा कडाइ गरेको राष्ट्र बैंकका एक अधिकारीले बताए। बैंक तथा वित्तीय संस्थाले जोखिम विश्लेषण भन्दा पनि कर्जा लगानीमात्र विस्तार गर्नेतर्फ ध्यान दिँदा कर्जा दुरुपयोग र डिफल्ट बढेको तथा त्यसको असर अझै केही वर्षसम्म रहने उनको बुझाइ छ।

'कर्जा लगानी बढाउने र नाफा बढाउने दौडमा बैंक तथा वित्तीय संस्थाले प्रतिस्पर्धा गर्दा अहिले खराब कर्जा वृद्धि अर्थात् सम्पत्तिको गुणस्तर कमजोर भएको हो,' ती अधिकारीले भने, 'अहिलेको डिफल्ट, असुली समस्या, कर्जा चुक्ता नगर्ने अभियान पनि बैंकहरूकै कमजोरीका कारण आएको हो।' केन्द्रीय बैंकले कर्जा दुरुपयोग रोक्न भन्दै लिएका नीतिले आर्थिक गतिविधि नै प्रभावित भयो। त्यसमा रुस–युक्रेन युद्ध तथा इजरायल–इरान युद्धले आर्थिक गतिविधि घटाउन मद्दत गऱ्यो।

केन्द्रीय बैंकले कर्जा सीमा घटाउनेदेखि क्षेत्रगत कर्जामा सीमा समेत कडाइ गऱ्यो। त्यसका साथै जुन प्रयोगका लागि कर्जा लिने हो, त्यसैमा मात्रै परिचालन गर्नुपर्ने व्यवस्था गऱ्यो। त्यसका साथै चालु पूँजी कर्जा दुरुपयोग रोक्न भन्दै चालु पूँजी कर्जा मार्गदर्शन लागु गऱ्यो। साथै, कर्जाको किस्ता तिर्न कर्जा लिने, कर्जाको साँवा किस्ता नआएपछि नवीकरण गर्नेजस्ता गतिविधिमा नियन्त्रण गऱ्यो। त्यसले बैंक तथा वित्तीय संस्थालाई कर्जा लगानीभन्दा पनि असुली बढाउन पर्ने अवस्था सिर्जना गऱ्यो। अर्थतन्त्र मन्दी तथा सुस्त भएपछि ऋणीले किस्ता तिर्न नसक्दा डिफल्ट हुन थाल्यो।

कर्जाको माग हुँदा जोखिम नहेरी लगानी गरेका बैंक तथा वित्तीय संस्था असुलीमा समस्या भएपछि नयाँ कर्जा स्वीकृत गर्दा न्यून जोखिमका आधारमा छनोट गर्न बाध्य भएको ती सीईओको भनाइ छ। 'बैंकका कर्मचारीले जोखिमभन्दा पनि ऋणीबाट आफूलाई आउने कमिसनका लागिसमेत कर्जा लगानी गरेको अवस्था थियो,' ती सीईओले भने, 'जोखिम विश्लेशण नगरी कर्जा दिने प्रवृत्ति नियन्त्रण गर्दा छनोटमुखी भएको देखिएको हो, कर्जा दुरुपयोगमा गरिएको कडाइले पनि बैंकरले ग्राहक छनोट गरेरमात्र कर्जा दिने गरेका हुन्।'

आर्थिक वर्ष २०७७/७८ पछिका वर्षमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा वृद्धिदर हेर्दा पनि स्पष्ट हुने उनले बताए। चालु आव चैतसम्म बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको कर्जा ३ खर्ब १२ अर्ब छ। यो अवधिमा करिब ११ अर्ब वित्तीय

–बाँकी तीन पेजमा

*कर्जा दिनै ...*

प्रणालीको अधिक तरलता केन्द्रीय बैंकमा थुप्रिएको छ। आव २०८०/८१ मा २ खर्ब ७६ अर्ब ९४ करोड र २०८१/८२ मा ४ खर्ब २४ अर्ब रुपैयाँ कर्जा लगानी गरेको राष्ट्र बैंकले जनाएको छ।

वित्तीय क्षेत्रमा कर्जा माग नै न्यून रहेको नेपाल बैंकर्स संघ अध्यक्ष सन्तोष कोइरालाले बताए। बैंकर तथा बैंकले कर्जा नियन्त्रण गरेको जस्तो आफूलाई नलागेको कोइरालाले बताए। 'आगामी आर्थिक वर्षको बजेट हेरिसकेपछि आर्थिक चहलपहल बढ्छजस्तो लाग्छ,' कोइरालाले भने, 'अहिले बैंकरहरू पर्ख र हेरको नीतिमा छन्।'

व्यवसायीहरू पनि आगामी आवको बजेट कस्तो आउँछ भन्नेमा रहेको उनले बताए। 'कर्जा प्रवाह गर्दा योजना तथा क्षेत्र अनुसार बैंकहरूले सीमा र सर्त राखेका हुन्छन्,' कोइरालाले भने, 'पछिल्लो समय बैंकहरूलाई असुलीमा अप्ठ्यारो परेकै हो, अप्ठ्यारो परेका क्षेत्रमा नयाँ कर्जा लगानी गर्दा जोखिम न्यूनीकरणमा जोड दिनु सामान्य हो।' कर्जा नदिने नियतले बैंकरले काम गरेको नभई जोखिम न्यूनीकरण गर्न खोज्दा ग्राहक छनोट गरेको अरोप लागेको हुन सक्ने कोइरालाको भनाइ छ।

अहिले दूरसञ्चार ऐन, जलविद्युत् ऐन र बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनमा देखिएको अस्पष्टता सरकारले स्पष्ट पारिदिनुपर्ने बैंक तथा वित्तीय संस्था परिसंघ अध्यक्ष प्रचण्डबहादुर श्रेष्ठले बताए। कर्जा प्रवाह निरुत्साहित गर्ने वा सरकारलाई असहयोग गर्ने भन्ने नहुने उनको भनाइ छ। 'दूरसञ्चार कम्पनी तथा हाइड्रोमा बैंकिङ क्षेत्रको ठूलो लगानी छ, यी आयोजना निश्चित समयपछि सरकारको हुने कानुनी व्यवस्था छ, त्यसमा पनि बैंकबाट लिने कर्जाका सन्दर्भमा स्पष्ट हुनुपर्‍यो भन्ने हो।'

कर्जा प्रवाहका सन्दर्भमा बैंकहरूले विगत नदोहोरिने गरी कर्जा लगानीमा सुरक्षित क्षेत्र र व्यक्ति छान्ने गरेको विषयमा श्रेष्ठले सहमति जनाए। बैंकहरूको पक्षबाट पनि कर्जा नियन्त्रण भएको भन्ने कुरा केही हदसम्म साँचो भएको राष्ट्र बैंक प्रवक्ता गुरु पौडेलले बताए। 'साना कर्जाका हकमा बैंकहरू अनिच्छुक भएको हो कि भन्ने देखिन्छ,' पौडेलले भने, 'बैंक तथा वित्तीय संस्था विरोधी गतिविधि बढेको, कर्जा नतिर्ने धम्की दिने जस्ता क्रियाकलापका कारण बैंक तथा बैंकरले कर्जा नियन्त्रण गरेका हुन्।'

निजी क्षेत्रको अभिभावक सरकारको हो भन्ने बुझाइ भए पनि सोही अनुसार व्यवहार निजी क्षेत्रले महसुस गर्न नसक्दा कर्जा माग नबढेको उनको भनाइ छ। साथै, कर्जा दुरुपयोग नियन्त्रण नीतिले बैंकहरूले कर्जा प्रवाह गर्दा जोखिम विश्लेषण गर्नु र जोखिम हेरेर कर्जा स्वीकृत गर्ने बैंकिङ अभ्यास भएकाले त्यसलाइ अन्यथा लिन नहुने पनि उनले बताए।

# ४ दिनदेखि विद्युत् अवरुद्ध, स्थानीयलाई सास्ती

बारा, १४ जेठ। हावाहुरीका कारण बाराको जीतपुरसिमरा उपमहानगरपालिका, निजगढ नगरपालिका र पर्सागढी नगरपालिकाका विभिन्न क्षेत्रमा चार दिनदेखि विद्युत् अवरुद्ध हुँदा स्थानीयवासीले सास्ती भोग्नुपरेको छ। जेठ ९ र ११ गते आएको हावाहुरीले जीतपुरसिमरा उपमहानगरपालिकाका वडा नं. १, २, ७, ११, १४, १५, २१ र २२, निजगढ नगरपालिकाका वडा नं. १० र१३ तथा पर्सागढी नगरपालिकाका वडा नं. ३ र ४ मा विद्युत् सेवा अवरुद्ध भएको हो।

विद्युत् अवरुद्ध हुँदा चर्को घाम र अत्यधिक गर्मीमा बस्नै कठिन भएको स्थानीयवासीको गुनासो छ। जीतपुरसिमरा–१५ का स्थानीय शिवचन्द्र थारुले तीन दिनअघि गाउँमा पोल ढलेर विद्युत् अवरुद्ध भए पनि अहिलेसम्म मर्मत नभएको बताए। 'लाइन नहुँदा गर्मीले बस्नै सकिएको छैन,' थारुले भने, 'मोबाइल चार्ज गर्नसमेत समस्या भएको छ। कहिले बनाउने हो, थाहा छैन।'

सोमबारको हावाहुरीले जीतपुरसिमरा–१५ की जितनदेवी राउतको घरमाथि विद्युत् पोल ढालेको थियो। घरमाथि पोल ढलेपछि उनी त्रासमा बस्न बाध्य भएकी छन्। 'वडा कार्यालयमा पनि खबर गर्‍यौं। आज भोलि भन्दै टारिरहेका छन्,' जितनदेवीले भनिन्, 'लाइन नहुँदा बच्चाहरूले पढ्न पाएका छैनन्, गर्मीले राति सुत्न सकिँदैन। विदेशमा रहेको छोरासँग मोबाइल बन्द भएकाले कुरा गर्न पनि पाएका छैनौं।'

चर्को घाम र अत्यधिक गर्मीका कारण दिनभर खेतमा काम गर्ने ग्रामीण भेगका किसानहरू रातभर सुत्न नसकेको, बालबालिकाले विद्यालयको गृहकार्य गर्न नपाएको तथा ज्येष्ठ नागरिकलाई थप समस्या भएको स्थानीयको भनाइ छ। जीतपुरसिमरा–१३ का स्थानीय तथा डुमरवाना विकास मञ्चका अध्यक्ष गोविन्द चौधरीले पटक–पटक ताकेता गर्दा पनि विद्युत् प्राधिकरणले सुनुवाइ नगरेको आरोप लगाए।

'बत्ती नहुँदा मोबाइल चार्ज गर्न अर्को गाउँ पुग्नुपरेको छ,' चौधरीले भने, 'बच्चाहरूलाई पढ्न र सुत्न गाह्रो भएको छ। शहर बजारमा बिग्रिए तत्काल मर्मत हुन्छ, तर गाउँमा कर्मचारी र हाकिमहरूले वास्ता गर्दैनन्।' नेपाल विद्युत् प्राधिकरण सिमरा वितरण केन्द्रका प्रमुख इन्जिनियर माधव महतले हावाहुरीका कारण ११ केभी प्रसारण लाइनका ५० वटा पोल ढलेको र पाँच वटा ट्रान्सफर्मरमा क्षति पुगेको जानकारी दिए।

'क्षति भएका स्थानमा निर्माण व्यवसायीका तीन टोली परिचालन गरेर काम गरिरहेका छौं,' प्रमुख महतले भने, 'हालसम्म करिब ६० प्रतिशत क्षेत्रमा मर्मत गरी विद्युत् सुचारु गरिएको छ। बाँकी स्थानमा पनि एक–दुई दिनभित्र काम सम्पन्न हुन्छ।' प्राधिकरणका अनुसार जेठ ९ र ११ गतेको हावाहुरीबाट करिब ७० लाख रुपैयाँ बराबरको विद्युतीय क्षति भएको छ। हावाहुरीले अमलेखगञ्ज क्षेत्रमा सबैभन्दा बढी क्षति पुऱ्याएकाले त्यहाँ विद्युत् सेवा पूर्ण रूपमा सुचारु हुन अझ केही दिन लाग्ने जनाइएको छ।

# रुपन्देहीमा सयौं अवैध शैक्षिक परामर्श केन्द्र, सरकारको निर्देशनअनुसार भएन अनुगमन

**टोपराज शर्मा**

बुटवल, १४ जेठ। गृहमन्त्रालयले अवैध रूपमा सञ्चालनमा रहेका शैक्षिक परामर्श केन्द्र (कन्सल्टेन्सी) माथि आवश्यक कारबाही गर्न दिएको निर्देशन रुपन्देहीमा भने हालसम्म कार्यान्वयन भएको छैन। नेपाल शैक्षिक परामर्श व्यवसायी महासंघको निवेदनका आधारमा गृहमन्त्रालयको शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाले जेठ ६ गते देशभरका जिल्ला प्रशासन कार्यालयलाई यस्तो निर्देशन पठाएको थियो।

गृहमन्त्रालयको निर्देशन अनुसार विभिन्न जिल्लामा प्रशासनले अनुगमन गरेर अवैध देखिएका कन्सल्टेन्सी सञ्चालकलाई कारबाही गरिरहँदा रुपन्देहीमा भने त्यसको सुरसारसम्म छैन। रुपन्देही काठमाडौं उपत्यकापछि धेरै कन्सल्टेन्सी भएको जिल्लामा पर्छ। यहाँ भाषा प्रशिक्षण केन्द्रसहित करिब ५०० कन्सल्टेन्सी सञ्चालनमा रहेको नेपाल शैक्षिक परामर्श संघ (ईक्यान) रुपन्देहीका संस्थापक अध्यक्ष देव कुँवर बताउँछन्।




तर, संघीय शिक्षा मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८२/८३ मा रुपन्देहीमा सञ्चालित कन्सल्टेन्सीहरूमा एक दर्जन मात्रै नवीकरण भएका छन्। यो तथ्यांकले रुपन्देहीमा सरकारी मापदण्ड र नियम उल्लंघन गर्ने कन्सल्टेन्सीको संख्या ठूलो रहेको दर्शाउँछ। तर, प्रशासनले नियमित प्रभावकारी अनुगमन र कारबाही नगर्दा अवैध कन्सल्टेन्सीमार्फत विद्यार्थीहरू ठगिने जोखिम बढेको अभिभावक संघ रुपन्देहीका अध्यक्ष लोकनाथ ज्ञवाली बताउँछन्।

'सरकारको स्वीकृतिबिना विभिन्न एजेन्ट तथा कम्पनीहरूले विदेश अध्ययनका नाममा विद्यार्थी ठगी, गलत परामर्श र आर्थिक अनियमितता गरिरहेका छन्,' ज्ञवालीले भने, 'तर, यहाँ यसको अनुगमन र कारबाही भएको कतै सुनिँदैन। गृहमन्त्रालयले परिपत्र गरेर निर्देशन दिँदा पनि अनुगमन नहुनु दुःखद छ।'

वैदेशिक अध्ययनका लागि जापान, अस्ट्रेलिया, अमेरिका, क्यानडा, बेलायत, कोरियालगायत मुलुकमा विद्यार्थी पठाउने नाममा गैरकानुनी गतिविधि बढिरहेको गुनासो जिल्लामा व्यापक रहेको पनि उनी बताउँछन्। 'कतिपय कन्सल्टेन्सीले विद्यार्थी र अभिभावकलाई भ्रममा पारेर आर्थिक शोषण गरिरहेका छन्। विभागीय मन्त्रालयबाट स्वीकृति नलिएका, नियमित नवीकरण नभएका संस्था र व्यक्तिमार्फत सञ्चालन हुने कन्सल्टेन्सीले विद्यार्थीको भविष्यसँग खेलवाड गरिरहेका छन्। यो कडाइका साथ नियन्त्रण आवश्यक छ,' ज्ञवालीले भने।

अघिल्ला प्रमुख जिल्ला अधिकारी डा. टोपराज पाण्डेले कन्सल्टेन्सीहरूले सरकारले तोकेको मापदण्ड पूरा नगरी सञ्चालनमा रहेको पाइएपछि १० बुँदे मापदण्डको विवरण अद्यावधिक गरेर बुझाउन एकहप्ते अल्टिमेटम दिएका थिए। गत आर्थिक वर्ष साउनमा गरिएको एक अध्ययनमा जिल्लाका १६ वटा कन्सल्टेन्सी मात्र मापदण्ड पूरा गरी दर्ता भएर सञ्चालनमा रहेको पाइएको थियो।

कन्सल्टेन्सीहरूले प्रचलित कानुनले तोकेका कार्यहरू बाहेक भिसा प्रक्रिया, जागिरको ग्यारेन्टी, ट्राभल एजेन्सी र सहकारीसंग मिलेमतो गरी नक्कली कागजात बनाउने, मेनपावरले गर्ने काम व्यक्तिगत र संस्थागत रूपमै गरेको उजुरी पर्ने गरेका छन्। नियमविपरित चलेका कन्सल्टेन्सीहरूले विद्यार्थीलाई भ्रामक विज्ञापन गर्ने, झुटा आश्वासन बाँड्ने, विद्यालय र कलेजमै पुगेर प्रचारप्रसार गर्ने, विद्यार्थी पठाएवापत शिक्षकहरूलाई कमिसन बाँड्नेजस्ता गतिबिधि हुँदैआएका छन्।

प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले आफू भर्खर मात्र जिल्लामा आएकाले कन्सल्टेन्सीको बारेमा अध्ययन गर्न बाँकी रहेको बताए। उनले गृहमन्त्रालयबाट आउने निर्देशन परिपालनमा प्रतिबद्ध रहेको पनि बताए।

# मन्त्रालयको नाममा 'ज्येष्ठ नागरिक' शब्द राख्न माग

**धीरेन्द्रप्रसाद साह**

राजविराज, १४ जेठ। ज्येष्ठ नागरिक जिल्ला संघ सप्तरीले मन्त्रालयको नाममा 'ज्येष्ठ नागरिक' शब्द यथावत् राख्नुपर्ने लगायत दुईबुँदे माग अघि सारेको छ। संघले ज्येष्ठ नागरिक ऐन, २०६३ (संशोधन २०७९) तथा नियमावली, २०६५ अनुसार ज्येष्ठ नागरिकसम्बन्धी व्यवस्थालाई कुण्ठित हुने गरी गरिएको निर्णय सच्याउन पनि माग गरेको छ। प्रधानमन्त्रीसमक्ष पठाइएको ज्ञापनपत्रमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको नाम परिवर्तन गरी 'ज्येष्ठ नागरिक' शब्द हटाइएकोप्रति गम्भीर आपत्ति जनाइएको छ।

संघका अध्यक्ष रामनरेश सिंहको नेतृत्वमा प्रमुख जिल्ला अधिकारी तुलराज पोखरेलमार्फत प्रधानमन्त्री कार्यालयलाई बुझाइएको ज्ञापनपत्रमा मन्त्रिपरिषद्को २०८३ वैशाख ३० गतेको निर्णयअनुसार मन्त्रालयको नाम परिवर्तन गरी 'ज्येष्ठ नागरिक' शब्द हटाइनु देशभरका करिब ३० लाख ज्येष्ठ नागरिकको अपमान भएको उल्लेख गरिएको छ।

ज्ञापनपत्रमा राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ २०६८ सालमा स्थापना भएको र देशभरका ७७ जिल्लामा यसको संरचना विस्तार भइसकेको जनाइएको छ। महासंघमा करिब ८५ हजार अगुवा ज्येष्ठ नागरिक आबद्ध रहेको उल्लेख गर्दै राज्यले ज्येष्ठ नागरिकको ज्ञान, सीप, अनुभव र योगदानको सम्मान गर्नुपर्ने माग गरिएको छ।

संघले मन्त्रालयको नामबाट 'ज्येष्ठ नागरिक' शब्द हटाइएकोप्रति आपत्ति जनाउँदै महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक अल्पसंख्यकसँगै ज्येष्ठ नागरिकको जनसंख्या पनि उल्लेखनीय रहेको स्मरण गराएको छ। पछिल्लो राष्ट्रिय जनगणनाअनुसार नेपालमा ज्येष्ठ नागरिकको संख्या करिब २९ लाख ७० हजार रहेको उल्लेख गरिएको छ। माग सम्बोधन नभए शान्तिपूर्ण आन्दोलनमा जान बाध्य हुने संघका सचिव वैद्यनाथ झाले जानकारी दिनुभयो। महासंघको केन्द्रीय कार्यसमितिको निर्णयअनुसार देशभरका सातै प्रदेश तथा ७७ जिल्लामा पहिलो चरणअन्तर्गत ज्ञापनपत्र बुझाउने कार्यक्रम सञ्चालन गरिएको उहाँले बताउनुभयो।

# एक महिनादेखि साउदीमै छ दासको शव



**लक्ष्मी चौधरी**

जनकपुरधाम, १४ जेठ। धनुषाको औरही गाउँपालिकास्थित परवाह निवासी २८ वर्षीय श्रीनारायण दासको साउदी अरबमा मृत्यु भएको एक महिना हुँदा पनि शव नेपाल ल्याउन नसकेपछि अन्तिम संस्कार हुन सकेको छैन। दासको गत वैशाख १६ गते साउदी अरबस्थित आफ्नै कोठामा झुन्डिएको अवस्थामा शव फेला परेको थियो। महिना दिन पुग्न लाग्दा पनि परिवारको सदस्यले दासको शव पाएका छैनन्। वैशाख १६ गते बिहानै दासको घरमा साउदीबाट फोन आयो र त्यो फोनले दासको मृत्यु भएको खबर दियो। घटनालगत्तै परिवारले शव नेपाल ल्याउन पहल थाले पनि हालसम्म शव ल्याउन नसकेपछि परिवारलाई पीडा थपिएको छ।

वैदेशिक रोजगारीका लागि चार वर्षअघि साउदी अरब जानुभएका दास केही समयअघि बिदामा घर आउनुभएको थियो। बिदा सकेर गत मङ्सिरमा उहाँ साउदी फर्किनुभएको थियो। साउदी फर्केको करिब छ महिनामै आफ्नै कोठामा मृत अवस्थामा फेला परेको परिवारका सदस्यले जनाएका छन्। मृतककी पत्नी ममता दासले पतिको शव ल्याइदिए दाहसंस्कार गर्ने थियौँ भनी शव ल्याउन पहल गरिदिन सरकारसँग आग्रह गर्नुभएको छ। उहाँले छिमेकीको सहयोगमा सम्बन्धित वडा कार्यालय, गाउँपालिकाको वैदेशिक रोजगार शाखामार्फत वैदेशिक रोजगार विभागसम्म आवश्यक कागजात पठाइएको जानकारीसमेत दिनुभयो। उहाँले भन्नुभयो, "शव छिट्टै नेपाल ल्याइदिए दाहसंस्कार गर्न पाउँथ्यौँ।" ममताका अनुसार साउदीस्थित नेपाली दूतावासमा कागजपत्र पुगे पनि शव नआएकोले चाँडै ल्याइदिन आग्रह गरिएको छ।

रोजगारीमा गएका दासको अचानक मृत्युको खबरले परिवारसहित गाउँ शोकमा डुबेको छ। त्यसमा पनि महिना दिनसम्म शव नआउँदा थप पीडा थपिएको छ। मृतक दासका दुई छोरा, पत्नी र वृद्ध बुवा रहेका छन्। शव नआउँदा परिवारले अन्तिम संस्कार गर्न नपाएको मात्रै होइन, घरमा महिना दिनदेखि चुलोसमेत नबलेको स्थानीयले बताएका छन्।श्रीनारायणको मृत्युले परिवारमाथि आर्थिक तथा मानसिक संकट थपिएको छ। अब परिवार कसरी पाल्ने भन्ने चिन्ताले मृतककी पत्नीलाई थप पीडा दिएको छ। परिवारले सरकार तथा सम्बन्धित निकायसँग शव यथाशीघ्र नेपाल ल्याइदिन र आवश्यक सहयोग उपलब्ध गराइदिन आग्रहसमेत गरेका छन्।

# नेपालमा 'क्यान्सर'को औषधिमा प्रयोग गरिने कच्चा पदार्थ उत्पादन : निर्यात समेत थालनी

**नारायण अधिकारी**

चितवन, १४ जेठ। जायोडिन बायोटेक उद्योगले क्यान्सरको औषधि बनाउने कच्चा पदार्थ उत्पादन सुरुआत गरेको छ। भरतपुर महानगरपालिका-१६ शरणपुरस्थित सो उद्योगले नेपाली जडीबुटी प्रशोधन गरेर क्यान्सरको औषधि बनाउने कच्चा पदार्थ उत्पादन गरी भारत निर्यात समेत गर्न थालनी गरेको हो। उद्योगका अध्यक्ष जीनारायणबहादुर क्षेत्रीले सो जानकारी दिँदै भन्नुभयो अत्याधुनिक उपकरण जडान गरेर कच्चा पदार्थ तयार गरेर निर्यात गर्न सुरुआत गरेका छौँ।"

स्वदेशी उद्यमीको संयुक्त लगानीमा रु एक अर्ब ३० करोड सञ्चालनमा आएको जनाइएको छ। उद्योगमा कच्चा पदार्थ र त्यसबाट बन्ने क्यान्सरका औषधिहरू उत्पादनका लागि काम भइरहेको छ। उहाँले भन्नुभयो, "क्यान्सरको औषधिको कच्चा पदार्थ उत्पादन गरी निर्यात गरेका छौँ।" क्यान्सरको औषधि आयत हुँदै आएको छ। उद्योगले १०-१२ प्रकारका कच्चा पदार्थ उत्पादन गर्ने लक्ष्य लिएको छ। हाल दुई कच्चा पदार्थ उत्पादन गरिसकेको छ। लौठ सल्लोलाई प्रशोधन गरेको सहायक कच्चा पदार्थ 'टेन ड्यब थ्री'बाट अन्य केमिकल प्रयोग गरी 'प्याक्लिट्याक्सल' र 'डोसीट्याक्सल' कच्चा पदार्थ उत्पादन गरेको उहाँको भनाइ छ।

हेटौँडाको बसामाडीमा रहेको इभान्स लाइफ साइन्स नामक उद्योगबाट लौठ सल्लो प्रशोधन गरी सहायक कच्चा पदार्थ उत्पादन गरी यहाँ ल्याएर पुनः प्रशोधन गरिएको उहाँको भनाइ छ। प्रशोधन गरेपछि कच्चा पदार्थ तयार हुने गर्दछ। त्यही तयारी कच्चा पदार्थ दुई किलो पाँचसयग्राम 'सेभेन ट्क प्याक्लिट्याक्सल' मंगलबार भारत निर्यात गरिएको हो। आफूहरूले उत्पादन गरेको कच्चा पदार्थ उत्पादन परीक्षण गरी अनुमति समेत प्राप्त गरिसकेको उहाँको भनाइ छ। कच्चा पदार्थ निर्यात गर्न भारतीय कम्पनीलाई नमूना पठाइएको र नमूना सफल भएसँगै भारतमा कच्चा पदार्थ निर्यात गरिएको उहाँले जानकारी दिनुभयो। यो कच्चा पदार्थ रु आठ लाखदेखि २५ लाखसम्म प्रतिकिलो मूल्य पर्दछ। कच्चा पदार्थको 'ब्राण्ड' नाम हुँदैन।

उहाँले पाकिस्तान, बङ्गलादेशलगायतका एसियाली देशहरूमा निर्यात गर्ने आफूहरूको योजना रहेको जानकारी दिनुभयो। नेपालका ४० देखि ४५ जिल्लामा यो लौठसल्लो पाइने जनाउँदै उहाँले वार्षिक एक हजार ५०० टन लौठसल्लोबाट दुईदेखि तीन हजार किलोसम्म कच्चा पदार्थ उत्पादन गर्न सकिने जानकारीदिनुभयो। उद्योगमा नै रहेको अर्को भवनमा क्यान्सर रोगको उपचारमा प्रयोग हुने औषधिको समेत उत्पादन गर्ने तयारी आफूहरूले गरिरहेको उहाँको भनाई छ। उद्योगमा मासिक ७० देखि ८० किलो कच्चा पदार्थ उत्पादन गर्नसक्ने क्षमता रहेको जनाइएको छ।

# मानव अधिकार आयोगको प्रतिवेदनबारे कांग्रेसले सरकारको धारणा माग्यो

काठमाण्डौ, १४। नेपाली कांग्रेसले भदौ २३ र २४ गते भएको नवयुवा आन्दोलनबारे राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन कार्यान्वयन गर्न सरकारसँग माग गरेको छ। कांग्रेस प्रवक्ता देवराज चालिसेले आज विज्ञप्ति निकालेर मानव अधिकार आयोगप्रति आफ्नो धारणा सार्वजनिक गर्दै सरकारको धारणासमेत माग गरेको हो। यसअघि सुशीला कार्की सरकारले गठन गरेको गौरीबहादुर कार्की आयोगको प्रतिवेदन अधुरो, अपूर्ण रहेको निष्कर्ष निकालेको कांग्रेसले मानव अधिकार आयोगको प्रतिवेदनलाई अपर्याप्त भनेको छ।

कांग्रेसले नवयुवा आन्दोलनबारे सरकारले नै अनुसन्धान शुरू गर्नुपर्ने पनि बताएको छ। कांग्रेसले आन्दोलनको प्रारम्भिक चरण संविधानप्रदत्त अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्ण विरोध र सुशासनको मागसँग सम्बन्धित रहेको आयोगको निष्कर्षलाई सकारात्मक रूपमा लिएको छ। तर त्यसपछि आन्दोलनका नाममा योजनाबद्ध हिंसात्मक गतिविधि भएको, सरकारी तथा निजी सम्पत्तिमा तोडफोड, आगजनी, लुटपाट र हत्या भएका घटनामा संलग्न व्यक्तिमाथि निष्पक्ष अनुसन्धान र कारबाही हुनुपर्ने माग गरेको छ।

त्यसैगरी राज्य संयन्त्रबाट भएको अत्यधिक बल प्रयोग र मानव अधिकार उल्लंघनका घटनामा संलग्न व्यक्तिहरूमाथि पनि संवैधानिक तथा कानुनी दायराभित्र रही कारबाही हुनुपर्ने कांग्रेसको धारणा छ। राष्ट्रिय मानव अधिकार आयोग संवैधानिक निकाय भएको र सर्वोच्च अदालतले समेत आयोगका सिफारिशहरू सरकारका लागि बाध्यकारी हुने नजिर स्थापित गरिसकेको उल्लेख गर्दै आयोगका सिफारिश कार्यान्वयन गर्न सरकारसँग आग्रह गरेको हो।

कांग्रेसले हिंसात्मक घटनामा संलग्नमाथि निष्पक्ष कारबाही अघि बढाउन, मृतक तथा घाइतेका परिवारलाई न्याय र राहत दिन, निजी क्षेत्रको क्षतिपूर्ति सुनिश्चित गर्न तथा सुरक्षा निकायलाई मानव अधिकारमैत्री बनाउन आवश्यक सुधार गर्न सरकारसमक्ष माग गरेको छ।

# वीरगञ्ज भन्सारः एक खर्ब ८१ अर्बको पेट्रोलियम पदार्थ आयात

वीरगञ्ज, १४ जेठ। वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको १० महिनामा रू एक खर्ब ८१ अर्ब ७० करोड मूल्य पर्ने छ थरिका पेट्रोलियम पदार्थ आयात भएको छ। गत आवको १० महिनाको तुलनामा चालु आवको सोही अवधिमा मूल्यको आधार यो नाका हुँदै रू २५ अर्ब ५३ करोड अर्थात १६ दशमलव ३५ प्रतिशतले वृद्धि भएको हो। जबकी गत आवको १० महिनामा भने रू एक खर्ब ५६ अर्ब १७ करोड मूल्य पर्ने छ थरिका पेट्रोलियम पदार्थ भित्रिएको थियो।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवको १० महिनामा पेट्रोलियम पदार्थहरूको आयातबाट रू ६७ अर्ब १९ करोड राजस्व सङ्कलन गरेको बताउनुभयो। चालु आवको १० महिनामा रू एक खर्ब ५७ करोड मूल्य पर्ने आठ लाख ९५ हजार दुई सय ४६ किलोलिटर डिजेल आयात भएको छ। जबकी गत आवको १० महिनामा भने रू ७९ करोड ५७ करोड मूल्य पर्ने नौ लाख ८५७ किलोलिटर डिजेल आयात भएको थियो।

रू ३५ अर्ब ७९ करोड मूल्य पर्ने तीन लाख ९० हजार ६१५ किलोलिटर पेट्रोल आयात भएको छ। गत आवको १० महिनामा भने रू ३१ अर्ब ७१ करोड मूल्य पर्ने तीन लाख ६७ हजार ३४४ किलोलिटर पेट्रोल आयात भएको थियो। चालु आवको १० महिनामा रू २५ अर्ब ५४ करोड मूल्य पर्ने २४ करोड २७ लाख तीन हजार १५० किलोग्राम एलपिजी ग्यास आयात भएको छ। जबकी गत आवका १० महिनामा भने रू ३० अर्ब २८ करोड मूल्य पर्ने २६ करोड ४१ लाख १४ हजार ३२६ किलोग्राम एलपिजी ग्यास आयात भएको छ।

# छावा मृत भेटियो

सुनसरी, १४ जेठ। बराहक्षेत्र नगरपालिका-२ स्थित बिसआरडीस्थित गहने खोलामा जङ्गली हात्तीको छावा मृत अवस्थामा फेला परेको छ। गए राति जब्दी क्षेत्रबाट जङ्गलतर्फ बथानसहित जाँदैगर्दा हात्तीको छावा पानीको दलदलमा फसेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी निरीक्षक हेमराज ओलीले जानकारी दिनुभयो। बिहीबार स्थानीयले दहमा हात्तीको बच्चा मृत अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेका थिए। घटनाको विषयमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

## महिनावारी स्वच्छता...

पिसाबजन्य विभिन्न संक्रमणहरूबाट बच्न सकिने औँल्याइन्।

महिनावारीको समयमा व्यक्तिगत सरसफाइमा ध्यान नदिँदा प्रजनन मार्ग, मूत्र संक्रमणसहित फोहोर प्याड वा कपडा लामो समय प्रयोग गर्दा चिलाउने, रातो हुने, घाउ आउने समस्या देखिनुका साथै संक्रमण बढेर गम्भीर खालका स्त्री रोगसम्बन्धी समस्या हुन सक्ने भएकाले व्यक्तिगत सरसफाइ र प्याडको व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने स्वास्थ्यकर्मीहरू बताउँछन्। लहान नगरपालिका, नेपाल खानेपानी संस्थान, दलित जनकल्याण युवा क्लब, द विकन परियोजना, होप फाउन्डेसन, समग्र जनउत्थान केन्द्र, एसओएस भिलेजलगायत विभिन्न सामाजिक संस्थाहरूको सहकार्यमा आयोजित दिवसमा महिनावारी स्वच्छता, सुरक्षित वैदेशिक रोजगारी, रगत तथा रक्तचाप जाँच, सुलभ र दिगो शौचालयका विकल्पसम्बन्धी विभिन्न स्टलहरू राखिएका थिए।


विषादी धेरै, रोग धेरै, तसर्थ सचेत बनौं।
सजग बनौ, खेती सुधारौं, सुरक्षित खाना उत्पादन गरौं।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम



छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहकारः** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)